11 अगस्ट 2025

मुख्य समाचार

- प्रधानमन्त्रीले बाबा खडक सिंह मार्ग दिल्लीमा सांसदहरूका लागि नवनिर्मित एक सय चौरासी टाइप-सात बहुतल्ले फल्याटको उद्घाटन गर्नुभयो
- बिहारमा संशोधित मतदाता सुची र अन्य मुद्दामा संसदमा आज पनि गतिरोध देखिएको .
- राज्यसभामा गोवा विधानसभा एस.टी रिजर्वेशन बिल र मणिपुर संग जोडिएका तिन विधेयक पेश गरिए।
- भारतीय जनता पार्टीले आधारहीन आरोप लगाउन र झूठ फैलाउनका लागि कंग्रेसलाई दोषी ठहरायो
- सुचना अनि प्रसारण मन्त्रालय तथा राष्ट्रीय फिल्म विकास निगम द्वारा आयोजित देशभक्ति फिल्म महोत्सव आज देखी नयाँ दिल्लीमा शुरूभएको छ

प्रधानमन्त्री

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीमा बाबा खडक सिंह मार्गमा सांसदहरूका लागि नवनिर्मित एक सय चौरासी टाइप-सात बहुतल्ले फल्याटको उद्घाटन गर्नुभयो। यस अवसरमा श्री मोदीले भन्नुभयो, एकाइसौं सदीको भारत आफ्नो जिम्मेवारी प्रति सम्वेदनशिल छ र विकासका लागि आकाङ्क्षी छ। उहाँले भन्नुभयो, दुई हजार चौध पछि अहिलेसम्म सांसदका लागि लगभग तिनसय पचास नयाँ फल्याटहरूको निर्माण गरिएको छ।

सांसद आवासको कमी हुँदा हुँदै दुई हजार चार देखी लिएर दुई हजार चौध सम्म लोकसभा सांसदहरूका लागि एउटा पनि नयाँ आवासको निर्माण भएको थिएन । त्यसैले दुई हजार चौध पछि यस कामलाई एउटा अभियानका रूपमा लिएर अहिले सम्म यी फ्लेटलाई मिलाएर लगभग साढे तीन सय सांसद आवास बनाइएको छ। श्री मोदीले भन्नुभयो, विभिन्न राज्यका सांसद यी आवासमा एक साथ बस्न सक्नेछन् । यो एक भारत – श्रेष्ठ भारतको दृष्टिकोणको परिचायच हो। प्रधानमन्त्रीले भन्नुभयो, चार टावरहरूको नाम देशको महान नदिहरूको नाममा दिइएको छ। करोडौं मानिसको जीवनदायिनी यी चार नदिहरू, कृष्णा,गोदावरी, कोसी र हुगली हो । उहाँले भन्नुभयो,नदीहरूको नामकरणको परम्पराले राष्ट्रलाई एकताको एक सूत्रमा बान्दछ।, सबै सांसदले एक टिमका रूपमा एक साथ कार्य गर्ने छन् भन्दै श्री मोदीले आशा व्यक्त गर्नुभयो। यी नयाँ आवासमा एउटा नयाँ आर्थिक पहलू पनि छ । भर्खरै कर्तव्य भवनको उद्घाटन पछि उहाँले भन्नुभएको थियो, किराएको भवनहरूदेखी सन्चालित केही मन्त्रालयहरूले बार्षिक किराएको रूपमा लगभग एक हजार पाँच सय करोड रूपियाँ खर्च गरेको छ। प्रधानमन्त्रीले भन्नुभयो, सांसदहरूका लागि पर्याप्त आवासको कमी सरकारी खर्चमा वृद्धिको कारण बनीरहेको थियो भने सांसदहरूले दुन प्रकारको विग्न वाधाहरूको सामना गर्नुपर्दैथियो , नयाँ आवासहरूमा गृह प्रवेश पछि त्यसबाट मुक्ती मिल्नेछ। आवासीय परिसर साँसदहरूको कार्यात्मक आवश्यक्ताहरू पूरा गर्नका लागि आधुनिक सुविधाको पूरा श्रृंखलाले सुसज्जित छ।

बिहार

बिहारमा संशोधित मतदाता सुची र अन्य मुद्दामा संसदमा आज पनि गतिरोध देख्न मिलेको छ। संसदको दुबै सदनको कार्यवाही विभिन्न मुद्दामा विपक्षी दलको हंगामाका कारण दिउसो दुई बजी सम्म का लागि पहिले स्थगित गरिएको थियो। राज्यसभाको कार्यवाही आज बिहान जब एघाह्र बजे शुरू भयो, तब उपसभापति हरिवंशले शुन्यकाल चलाउने प्रयास गर्नुभयो। तर विपक्षी सदस्यले बिहारमा मतदाता सुचीको विशेष गहन पुनरीक्षण र अन्य मुद्दा अठाए। उहाँले भन्नुभयो, उहाँलाई पाँच विभिन्न मुद्दामा विभिन्न राजनितिक दलले एनतिस स्थग्न नोटिस मिल्यो जसमा अठाह्र यस्तो मानिला छ जो न्यायालयमा विचाराधीन छ। यसबिच हंगामा जारी रहनका कारण उपसभापतिले सदनको कार्यवाही दिउसो दुई बजी सम्म स्थगित गरियो। उता, लोकसभामा पनि यसै प्रकारको दृश्य देखिएको छ। सदनको कार्यवाही जब बिहान एघाह्र बजी शुरू भयो, तब विपक्षी सदस्यहरूले विशेष गहन पुनरीक्षणको मुद्दामा चर्चाको मांगको

समर्थनमा विरोध शुरू गरे। यसैलाई हेर्दै अध्यक्षले लोकसभाको कार्यवाही दिउँसो दुई बजे सम्मका लागि स्थगित गरियो। यस बीच दुबै सदनको कार्यवाही जारी छ।

## संसद

भोटर भेरिफिकेशन र भोटको चोरीको आरोपमा हंगामा बीच सोमबारको बिना चर्चाको नयाँ आयकर बिल (नम्बर – दुई ) दुई हजार पचीस र कराधान कानुन संशोधन बिल –दुई हजार पचिस लोकसभामा पास भएको छ। राज्यसभामा गोवा विधानसभा एसटी रिजर्वेशन बिल र मणिपुर संग जोडिएका तिन विधेयक पेश गरिए। लोकसभामा नेश्नस स्पोर्टस गवर्नेंस बिल दुई हजार पचिस र दिउसो दुई बजे लोकसभा फेरी शुरूभएपछि नेशनल एन्टी –डोपिंग (अमेन्डमेन्ट) बिल पास भयो।

## हर घर तिरङ्गा

केन्द्रीय सडक , परिवहन तथा राजमार्ग राज्यमन्त्री हर्ष मल्होत्राले पनि नयाँ दिल्लीमा हर घर तिरङ्गा अभियान अन्तर्गत तिरङ्गा यात्रामा भाग लिनुभयो।

## सिक्किम

राष्ट्रव्यापी हर घर तिरंगा अभियान को एक भागको रूपमा राष्ट्रीय प्रोद्यौगीकी संस्थान सिक्किमले पनि आज एउटा तिरंगा रेलीको आयोजना गर्यो । रेली संस्थानको परिसर देखी शुरू भई रावंगलामा S DM कार्यलय नजिक राष्ट्रीय राजमार्ग दश बाइपास तत्फ गएको थियो।

लदाखमा, देशभक्ती भावना जगाउन र राष्ट्रीय झण्डा फहराउनुलाई बढावा दिनका लागि राष्ट्रव्यापी अभियान हर घर तिरङ्गा अन्तर्गत , हिजो मनोरम जांगला पर्यटक शिविर स्थलमा तिरङ्गा रेलीको आयोजन गरियो । स्थानिय पर्यटन संस्थाहरूले कार्यक्रममा सक्रिय रूपले भाग लिए।

अर्कातर्फ , असममा हर घर तिरङ्गा अभियान अन्तर्गत नागरिक र सरकारी संस्थान सारा राज्यमा नियमित रूपले रेलीसहित विभिन्न कार्यक्रम आयोजित गरिरहेका छन् । राज्य सरकारले सबै सरकारी र सरकारी साहायता प्राप्त संस्थान तथा कारायलयमा हर घर तिरङ्गा अभियानमा भाग लिने आग्रह गर्यो।

## शिक्षा

भारतीय जनता पार्टीले देशमा निर्वाचन प्रकियाको विरूद्ध आधारहीन आरोप लगाउने र झूठ फैलाउनका लागि कंग्रेसलाई दोषी ठहरायो। नयाँ दिल्लीमा आज एउटा संवाददाता सम्मेलनमा केन्द्रीय शिक्षा मन्त्री अनि भाजपाका वरिष्ठ नेता धर्मेन्द्र प्रधानले भन्नुभयो , मतदाता सुचीको पुनरीक्षणको प्रक्रिया देशमा पहिलो पल्ट भएको हैन। यसै बिच , संसदका केही विपक्षी सांसदहरूले बिहारमा मतदाता सुचीको पुनरीक्षणका विरूद्ध संसद भवन परिसरले निर्वाचन आयोग कार्यालय सम्म विरेध मार्च निकाल्यो ।

## संसद

संसदीय कार्य मन्त्री किरेन रिजिजूले निर्वाचन आयोग र सर्वोच्च न्यायालय जस्तो संवैधानिक प्रतिष्ठाको छवि धूमिलो गर्ने आरोपी विपक्षलाई ठहराउनुभयो। श्री रिजिजुले भन्नुभयो, निर्वाचन आयोगले तिस विपक्षी सांसदहरूलाई आफ्नो चिन्ताहरूसंग अवगत गर्नका लागि चुनाव प्यानलका साथ बैठक गर्ने अनुपती दिनुभयो।

## फिल्म

सुचना अनि प्रसारण मन्त्रालय तथा राष्ट्रीय फिल्म विकास निगम द्वारा आयोजित देशभक्ति फिल्म महोत्सव आज देखी नयाँ दिल्लीमा शुरूभएको छ। यो महोत्सव स्वतन्त्रता दिवसको उपलक्ष्यमा हर घर तिरङ्गा अभियान अन्तर्गत तेह्र अगस्ट सम्म सिरी फोर्ट अडिटोरियममा आयोजीत गरिदैछ। तिन दिवसिय महोत्सवको उदेश्य मानिसमा देशभक्तिको भावना जगाउनु हो।

## मौसम

मौसम विभागले आज हिमाचल प्रदेश, पश्चिम बंगालको तराई क्षेत्र, सिक्किम र उत्तराखण्डमा मुसलधारे बर्षाको अनुमान व्यक्त गरेको छ। विभागले अण्डमान र निकोबार द्वीप , अरूणाचल प्रदेश, असम , मेघालय , बिहार अनि पूर्वी मध्यप्रदेशमा पनी तिब्र बर्षाको सम्भावना व्यक्त गरेको छ। यस्तै स्थिति हरियाणा , चण्डीगढ , कर्नाटक , केरल , माहे , पन्जाब , तामिलनाडु, पुदुचेरी, कराईकल, तेलङ्गाना र उत्तर प्रदेशमा पनी रहने सम्भावना छ।

मुख्य समाचार फेरी एक पल्ट

- प्रधानमन्त्रीले बाबा खडक सिंह मार्गमा सांसदहरूका लागि नवनिर्मित एक सय चौरासी टाइप-सात बहुतल्ले फल्याटको उद्घाटन गर्नुभयो
- बिहारमा संशोधित मतदाता सुची र अन्य मुद्दामा संसदमा आज पनि गतिरोध देखिएको.
- राज्यसभामा गोवा विधानसभा एसटी रिजर्वेशन बिल र मणिपुर संग जोडिएका तिन विधेयक पेश गरिए।
- भारतीय जनता पार्टीले आधारहीन आरोप लगाउन र झूठ फैलाउनका लागि कंग्रेसलाई दोषी ठहरायो
- सुचना अनि प्रसारण मन्त्रालय तथा राष्ट्रीय फिल्म विकास निगम द्वारा आयोजित देशभक्ति फिल्म महोत्सव आज देखी नयाँ दिल्लीमा शुरूभएको छ